# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवा अन्तर्गत स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूहको अधिकृतस्तर नवौं तहका उपसचिव वा सो सरह पदको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३४/२०८१-०८२, मिति २०८१/५/३१ गते सोमबार**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवाका अधिकृतस्तर नवौं तहका देहायका पदको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवाकालीन तालिम प्राप्त गरेका र देहायका शर्त पूरा गरेका बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/७/४ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। सम्बन्धित सेवा समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ।
२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कितावखानाबाट आफूले पाएको संकेत नम्बर (सिटरोल नं.) उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सो भन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल गट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ ।
७. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।
८. दरखास्त दस्तुर रु. २,०००।- (रु दुई हजार मात्र) बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थानः-
राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा
कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिने छ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ६७/२०८१-०८२ | उपसचिव वा सो सरह | ९ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १ |